## ईन्द्रावती गाँउपालिकाको न्यायिक समितिको

# आ.व. २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन

# ईन्द्रावती गाउँपालिका

## न्यायिक समिति

नवलपुर, सिन्धुपाल्चोक

## न्यायिक समितिको आ.व. २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन विवरण

### १. पृष्ठभूमि

मानव सभ्यता एंव मानव समाजको बिकासक्रमसंगै विवादको सिर्जना भएको पाईन्छ । ती विवादहरु कुनै न कुनै प्रकारबाट समाधान पनि भई आएका छन् । विवाद बिनाको समाज गतिशील हुदैन । विवादको प्रकृति समाज बिकास उन्मुख र रचनात्मक हुनुपर्दछ । जुन विवाद समयमा नै गर्न सकिएन भने त्यसले बिनासकारी द्धन्द्ध निम्त्याउन सक्दछ । बिश्व ईतिहासमा सबै देश एंव समुदायहरुमा धर्म संस्केति जातजातीहरुले प्राचिनकालदेखि कुनै न कुनै रुपबाट समुदायको संलग्नता र मेलमिलापको प्रयोगबाट विवाद समाधान गरेको पाईन्छ । विवाद बिनाको समाज न पहिले थियो न आज छ न भोली नै हुनेछ । त्यसैले समाजमा शान्ति सुव्यबस्था कायम गरी पारस्परिक सद्भाब कायम राख्न समाजमा उठेका विवाद समाजमा नै समाधान गरिनु पर्छ भन्ने सोच विश्व समुदायमा नौलो होइन ।

नेपाल वहुसाँस्कृतिक, वहुभाषिक र बहुजातिय समाज हो, समाजमा बसेपछि सबै मानिसहरुको धर्म, भाषा संस्कृति, विचार दृष्टिकोण एकै हुन सक्तैन र बहुधर्म, बहुभाषा, वहु-संस्कृति, वहुविचार, बहुदृष्टिकोणले अनेक व्यवहार हुन्छन । त्यसैले घर परिवार र समाजमा उत्पन्न हुने विभिन्न प्रकृतिका विवादहरुलाई समाजमा नै बसेर समाधान गर्नु उत्तम उपाय हो । नेपालको प्राचीनकालदेखि घर परिवार भित्र र विभिन्न जाती, भाषा, धर्म तथा भेकका मानिसहरुको विच विवाद भएमा समाजका लब्धप्रतिष्ठित व्यक्तित्वहरु, पञ्चभलाद्मीहरुले समाजमानै बसेर विवाद समाधान गर्दै आइरहेका छन । जुन विवाद समाजमा बसेर समाजकै मानिस वीच छलफल गरेर समाधान गरिदैन त्यो विवादले उग्ररुप लिएर समाज र राष्ट्रमा अशान्ति फैलाइरहेको पाइन्छ । समाजमा सदैव शान्ति कायम गर्ने हो भने परिवार भित्रको र समाजको विवाद घर परिवार भित्र र समाजमा नै बसेर तत्काल समयमा विवादका पक्षहरुलाई सहभागी गराएर मेलमिलाप प्रक्रियाद्वारा छलफल गराएर विवाद सदाको लागि समाधान गऱ्यो भने समाजमा सधै शान्ती कायम गर्न सकिन्छ र समाजको विकास गर्न सकिन्छ ।

न्यायिक समितिद्वारा यस आ.व.२०७९/०८० मा भए गरेको कार्य प्रगती तथा सम्पन्न भएका गतिविधिहरु, सम्पन्न गरिएका कार्यक्रमहरु, विवाद दर्ता तथा समाधानको अवस्था, उपलव्धि तथा चुनौती लगायतका कुराहरुलाई समेटेर स्थानिय सरकार सच्चालन ऐन २०७४ को दफा ५३ (२) बमोजिम यो प्रतिवेदन यस सम्मानित सभा समक्ष प्रस्तुत गरिएको छ ।

नेपालको वर्तमान संविधानको धारा २१७ मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्ने प्रत्येक गाँउपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उप प्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ भन्ने व्यवस्था छ । त्यसैगरी स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को १ र २ मा न्यायिक समितिको विवाद निरुपणका लागि न्याय

सम्पादन प्रक्रिया सम्बन्धमा उल्लेख छ । यसरी माथि उल्लेखित नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन,२०७४ ले तोकिए बमोजिम यस ईन्द्रावती गाँउपालिकाको तत्कालिन निर्वाचन प्रस्चात उपाध्यक्ष श्री शोभना तामाङको संयोजकत्वमा श्री क्षेत्र बहादर तामाङ र श्री खिल प्रसाद आचार्य सदस्य रहेको तीन सदस्यीय न्यायिक समितिको गठन भएको छ । यस गाँउपालिकामा न्यायिक समिति गठन भए देखि नै कानूनले तोकेको अधिकार क्षेत्र र प्रक्रिया भित्र रहेर न्यायिक समितिले विभिन्न विषयमा न्याय निरुपण गर्दै आईरहेको छ । सो सम्बन्धमा यस गाँउपालिकामा न्यायिक समितिले हालसम्म गरेको विभिन्न गतिविधि तथा न्याय निरुपणका विषयहरु देहाय बमोजिम रहेका छन् ।

**२. न्यायिक समितिको आवश्यकता**

संघीय शासन पद्धति अनुसार स्थानीय तहलाई कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकारले सम्पन्न गराउने क्रममा स्थानीय तहमा उत्पन्न देवानी प्रकृतिका सामान्य विवादहरुलाई स्थानीय स्तरमा नै समाधान गर्न वा मिलाउन आवश्यक भएकोले न्यायिक समिति सम्बन्धि व्यवस्थाको राज्यले आवश्यक ठानेको हो ।

**३. न्यायिक समितिको गठनको प्रमुख उद्धेश्य**

स्थानीय स्तरमा उत्पन्न देवानी प्रकृतिको सामान्य वा विवादहरु स्थानीय स्तरमा नै समाधान गरी विवादित दुवै पक्षलाई बढी आत्म सन्तुष्टि दिलाई निजहरुको कानूनी उपचारमा अनावश्यक खर्च कम गराउनु, समयको बचत गराउनु, अनावश्यक दुख झन्झटलाई हटाई समाजमा स्वच्छ र सुमधुर सामाजिक सम्बन्ध कायम राख्नु हो ।

**४. ईन्द्रावती गाँउपालिकामा न्यायिक समिति गठन कहिले भयो** ?

यस ईन्द्रावती गाँउपालिकामा स्थानीय निर्वाचन सम्पन्न भए पछि बसेको दोस्रो गाँउसभाले मिति **२०७९/०२/२७** गते न्यायिक समितिको गठन भएको थियो । न्यायिक समितिको संयोजकमा निर्वाचनमा आम जनताले निर्वाचन गरेको उपाध्यक्ष रहने व्यवस्था छ भने बाँकी अन्य दुई जना सदस्यहरु गाँसभाको सदस्यहरु मध्ये बाट निर्वाचित गर्ने गर्दछ ।

**५. यस ईन्द्रावती गाँउपालिकामा हाल न्यायिक समितिमा को को हुनुहन्छ** ?

१. संयोजक श्री शोभाना तामाङ
२. सदस्य, श्री क्षेत्र बहादुर तामाङ
३. सदस्य, श्री खिल प्रसाद आचार्य

**६) वडामा रहेका न्यायिक समिति र मेलमिलापकर्ताहरुले कसरी काम गर्छन** ?

न्यायिक समितिले अधिकार क्षेत्र भित्रको विवादको मेलमिलाप गराउन वा त्यस्तो विवाद समाधान गर्न प्रत्येक वडामा मेलमिलाप केन्द्रको गठन गर्न सक्नेछ । ( स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा

४९ को उपदफा १० ) प्रत्येक वडामा रहेका मेलमिलापकर्ताहरु गाँउपालिकामा ( न्यायिक समितिमा सूचिकृत हुनु पर्दछ  स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४९ को उपदफा ३ ) सुचिकृत भएका छन् । ती मेलमिलाप कर्ताहरुको सूची वडामा प्रकाशित गर्नुपर्दछ । त्यसरी सूचीकृत मध्ये जुन मेलमिलापकर्ताले विवाद हेर्नको लागि विवादित पक्षले रोज्छ, सोही मेलमिलापकर्ताले उक्त विवाद हेरिदिनु पर्दछ तर मेलमिलापकर्ता विवावका पक्षको नाता भित्रको हुनुहुदैन । त्यस्तो विवाद हेर्न सोही वडामा मेलमिलापकर्ता नभएको खण्डमा न्यायिक समितिले नजिकको वडाको मेलमिलापकर्ताहरुलाई तोक्न सक्दछ । मेलमिलापकर्ताहरुले प्राप्त भएको विवाद कि त मेलमिलाप गराउने वा मेलमिलाप गराउन नसकेमा सोही व्यहोरा खुलाई दर्ता किताबमा लागत कट्टा गरी गाँउपालिकामा प्रतिवेदन पेश गर्नु पर्दछ ।

**(७) न्यायिक समितिले विवादका पक्षहरुबिच मेलमिलाप गराउन वा न्याय सम्पादन गर्ने क्रममा प्रयोग गर्न सक्ने सबैभन्दा ठूलो अधिकार**

न्यायिक समिति समक्ष निवेदन दर्ता गरी आवश्यक प्रक्रिया अघि बढी रहँदा यदि कुनै पक्षको घर जग्गा जस्ता अचल सम्पत्ति वा बैंक वा अन्य कुनै वित्तिय संस्थामा रहेको खाता रोक्का गर्न आवश्यक छ भन्ने कुरा न्यायिक समितिलाई मनासिब लागेमा सम्बन्धित व्यक्तिको जुनसुकै किसिमको चल अचल सम्पत्ति रोक्का गर्न समितिको निर्णय सहित सम्बन्धित निकायलाई लिखित पत्राचार गर्न सक्नेछ । यसरी रोक्काको लागि पत्राचार भए पछि सम्बन्धित निकायले त्यस्तो चल अचल सम्पत्ति फुकुवाको लागि पुनः न्यायिक समितिबाट पत्र प्राप्त नभए सो कामको लागि रोक्का गरी राख्नु पर्दछ । न्यायिक समितिले यो अधिकारको प्रयोगबाट कुनै पनि व्यक्तिले प्रचलित कानून बमोजिम पाउनु पर्ने सेवा, सुविधा, हक वा अधिकारको सुनिश्चितता गर्न सक्दछ ।

## ८. **स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहको न्यायिक अधिकारहरु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का व्यवस्थालाई केलाउँदा न्यायिक समितिलाई २ प्रकारले न्याय निरुपण गर्ने अधिकार प्रदान गरेको छ ।

१. विवाद निरुपण गर्ने अधिकार गरी निरुपण गर्ने अधिकार

२. मेलमिलापको माध्यमबाट मात्रै विवादको निरुपण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धी व्यवस्था गरिएको छ । दफा ४६ र ४७ मा न्यायिक समितिको व्यवस्था र अधिकार क्षेत्र तोकिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ४७ अनुसार न्यायिक समितिलाई देहायका विवादको निरुपण गर्ने अधिकार हुनेछ ।

क. आलीधुर, बाँध पैनी, कूलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
ख. अर्काको बाली नोक्सानी गरेको,
ग. चरन, घाँस, दाउरा,

घ. ज्याला मजदुरी नदिएको,

ङ. घरपालुवा पशुपंक्षी हराएको वा पाएको,

च. जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

छ. नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान वा शिक्षा दिक्षा नदिएको,

ज. वार्षिक पच्चीस लाख रुपैँयासम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,

झ.अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,

ञ. आपनो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

ट. सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडि बनाएको,

ठ. कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको बाधा पुऱ्याएको,

ड. सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेको अन्य विवाद ।

९. **न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको मध्येबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुनेछ ।**

क. सरकारी, सार्वजनिक वा सामुदायिक वा सामुदायिक बाहेक एकको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,

ख. सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

ग. पति-पत्नीबीचको सम्बन्ध विच्छेद,

घ. अङ्भङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

ङ. गाली बेईज्जती,

च. लुटपीट,

छ. पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,

ज. अरुको आवासमा अनाधिकृत प्रवेश गरेको,

झ. अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,

ञ. ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याकी छिमेकीलाई असर पुऱ्याएको,

ट. प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

**१०. <u>अधिकार प्रयोगको क्षेत्र</u>**

१. न्यायिक समितिको संयोजक र अर्को एक जना सदस्यको उपस्थिति भएमा विवादको कारवाही गर्न सकिनेछ ।

२. न्यायिक समितिको संयोजक बाहेक अरु दुई जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न बाहेक अरु कारबाही गर्न सकिनेछ ।

३. कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका दुई जना सदस्यको सर्वसम्मतिमा विवादको कारबाही र किनारा गर्न सकिनेछ ।

४. न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गाँसिएको वा त्यस्तो संयोजक वा सदस्यको नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा निजबाट सो विवादको कारबाही र किनारा हुन सक्ने छैन ।

५. संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा त्यस्तो संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कारबाही र किनारा गर्न सक्नेछन् । संयोजक र सबै सदस्यले त्यस्तो विवादको कारबाही र किनारा गर्न नमिल्ने भएमा सम्बन्धित सभाले तीन जना सदस्यलाई सो विवादको मात्र कारबाही र किनारा गर्ने गरी तोक्नु पर्नेछ ।

६. विवादको कारबाही र किनारा गर्दा तीन जना सदस्यमध्येको जेष्ठ सदस्यले न्यायिक समितिको संयोजक भई काम गर्नेछ ।

## ११.न्याय सम्पादनको प्रक्रिया

१. न्यायिक समितिले आफू समक्ष पेश भएको विवादको निवेदन दर्ता गरी दर्ताको निस्सा सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्छ ।

२. न्यायिक समितिले आफू समक्ष पेश भएको विवादको निवेदनको कारबाही किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्नेछ । पक्षहरुबीच मिलापत्र हुन नसकेमा न्यायिक समितिले कानून बमोजिम विवादको कारवाही र किनारा गर्नु पर्नेछ ।

३. मिलापत्र गराउँदा न्यायिक समितिले आफूले सूचीकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्नेछ ।

४. विवादमा प्रतिवादी उपस्थित भएको मितिले तीन महिनाभित्र मेलमिलापको माध्यमबाट टुङ्ग्यानुपर्नेछ । सो अवधिभित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा विवाद र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण समेत सम्बन्धित अदालतमा पठाइदिनु पर्नेछ ।

५. न्यायिक समितिले आफू समक्ष परेको विवादमा वादीले प्रतिवादीको नाममा कुनै बैंकं, कम्पनी, वित्तीय संस्था वा अन्य कुनै निकायमा रहेको खाता, निक्षेप वा प्रतिवादीले पाउने कुनै रकम यथास्थितीमा राखी कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतिवादीको हक भोकको कुनै अचल सम्पति कसैलाई कुनै पनि

व्यहोराले हक हस्तान्तरण गर्नबाट रोक्का गर्नका लागि निवेदन दिएकोमा न्यायिक समितिले प्रारम्भिक जाँचबुँझबाट सो बमोजिम गर्न उपयुक्त देखेमा अवधि तोकि रोक्काको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्नेछ ।

६. रोक्का भएकोमा प्रतिवादीले त्यस्ता रोक्का फुकुवा गर्नको लागि न्यायिक समिति समक्ष निवेदन दिएमा सो समितिले त्यस्तो निवेदन बमोजिम रोक्का फुकुवा गर्न मनासिब देखेमा रोक्का फुकुवाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का फुकुवा गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्नेछ ।

७. न्यायिक समितिले अधिकारक्षेत्र प्रयोग गर्दा पति पत्नी बिचको वा जेष्ठ नागरिकको संरक्षण सम्बन्धि विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्नेछ :-

- पिडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,
- पिडितलाई शारिरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,
- पिडितलाई अलग रुपमा बसोबासको प्रबन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्थन गर्न
- पिडितलाई गालीगलौच गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन,
- पिडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न वा गराउन,
- कुनै विवाद सम्बन्धमा न्यायिक समितिमा कुनै निवेदन परेकामा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष प्रतिवादी उपस्थित हुनुपर्ने म्याद किटिएको भए सोही म्यादभित्र र म्याद किटिएको नभएमा बाटाका म्याद बाहेक पन्ध्र (१५) दिनभित्र प्रतिवादी आफैं वा आफ्नो वारेस मार्फत लिखित व्यहोरा न्यायिक समिति समक्ष उपस्थित हुनु पर्नेछ,
- विवादमा न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्नेछ,
- कुनै वडामा एकभन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादको पक्षहरुले रोजेको वा सो वडाको विषयमा पक्षहरुबिच सहमति नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलापद्वारा विवाद समाधानको लागि पठाउन सक्नेछ,
- न्यायिक समितिले विवादको निवेदनमा कारबाही र किनारा गर्दा निवेदनको दर्ता, त्यस्तो विवादको आवश्यक जाँचबुझ तथा कारबाही, म्याद तामेली, पक्षहरु उपस्थित गराउने तथा मिलापत्र गराउने प्रक्रिया, विवादको किनारा गर्नु पर्ने अवधि लगत कट्टा गर्ने लगायतका विवादको निरुपण सम्बन्धी अन्य कार्यविधी स्थानीय कानून बमोजिम हुनेछ,
- लिखित समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैतिस (३५) दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित उपलब्ध गराउनु पर्नेछ,

- न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतीस (३५) दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ,
- गाँउपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवाद सम्बन्धित लिखित, मिलापत्र वा निर्णको अभिलेख व्यवस्थित र सुरक्षित रुपमा राख्नु पर्नेछ,
- न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सभामा पेश गर्नु पर्नेछ,

## १२. न्यायिक समितिबाट हुने विवाद समाधान प्रक्रियाको सामान्य चरणहरु

१. निवेदन
२. दरपिट
३. निवेदन दर्ता गरी निस्सा दिने
४. आवश्यकता अनुसार अन्तरिम संरक्षणात्मक वा रोक्का आदेश गर्नुपर्ने
५. म्याद तामेली
६. प्रतिउत्तर पेश गर्ने
७. मेलमिलापको प्रयास
८. मेलमिलाप हुने भएमा मेलमिलापकर्ता समक्ष पठाउने र तीन महिनाभित्र मेलमिलाप गराउने
९. मेलमिलाप भएपछि न्यायिक समितिबाट मिलापत्र प्रमाणित गरी एक/एक प्रति दुवै पक्षलाई दिई अभिलेख राख्ने
१०. मेलमिलाप नभएमा ऐनको दफा ४७ (२) को विवाद भएमा अदालत पठाउने
११. मेलमिलाप नभएको विवाद दफा ४७ (१) अर्न्तगतको विवाद भएमा न्यायिक समितिबाट विवादको निरुपण गर्ने
१२. विवादको निर्णय उपर चित्त नबुझेमा सोको जानकारी पाएको ३५ दिनभित्र पुनरावेदन दिने (जिल्ला अदालतमा)
१३. पुनरावेदन नपरेमा निर्णय कार्यान्वयन् गर्ने र अभिलेख तयारी गर्ने

## १३. ईन्द्रावती गाँउपालिकामा रहेको न्यायिक समिति तथा मेलमिलापकर्ताबाट भएको विवादको निरुपण, मिलापत्र तथा विवादको अवस्था निम्न प्रकारका छन्,

१. यस ईन्द्रावती गाँउपालिकामा रहेको वडास्तरीय सामुदायिक मेलमिलाप केन्द्रबाट मिलापत्र भएका विवादहरु तथा विवादको अवस्था :-

**(२) वडास्तरीय मेलमिलाप केन्द्रबाट मिलापत्र भएको विवादको सङ्ख्या देहाय बमोजिमको रहेको छ ।**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विवाद दर्ता | ९ | | २ | २ | ८ | ४ | ५ | | ३ | ७ | १८ | ३ | ६१ |
| सहमति | ८ | | २ | २ | ७ | १ | ३ | | १ | ६ | १२ | २ | ४३ |
| छलफल हुन् बाकि | १ | | | | १ | ३ | २ | | २ | १ | ६ | १ | १७ |
| | | | | | | | | | | | | | |

**वडा न २ र ८ मा मेलमिलाप केन्द्रमा विवाद दर्ता भएका छैनन् ,आएका विवादहरु वडाका जनप्रतिनिधि बसेर समाधान भएका छन ।**

(३) ईन्द्रावती गाँउपालिकाको न्यायिक समितिबाट विवादको निर्णयद्वारा निरुपण गरिएका विवादहरु निम्न छन्

**क, जम्मा दर्ता - १३**

**ख, सहमति - ६**

**ग, छलफलमा रहेको - ७**

१४. ईन्द्रावती गाँउपालिकाको न्यायिक समितिमा नयाँ सूचिकृत भएका मेलमिलापकर्ताहरुको विवरण :

- **इन्द्रावती गाउपालिका न्यायिक समितिमा ०७९/०८० मा ७१ जना मेलामिलापकर्ताहरु सुचिकृत रहेका छन् ।**

१५. न्यायिक समितिको यस आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न भएका गतिविधिहरु :

१, १२ वटा वडामा मेलमिलाप केन्द्र संचालनमा रहेको

२, ०७९/८० मा ७१ जना मेलमिलापकर्ता न्यायिक समितिमा सुचिकृत

३, न्यायिक समिति तथा जप्रतिनिधिका लागि एक दिने अभिमुखिकरण ०७९ भदौ ३१ मा सम्पन्न

४, मेलमिलापकर्ता का लागि पहिचांन स्वरूप क्याप टोपी हस्तान्तरण

५, मेलमिलापकर्ताहरुका लागि २०७९ पुस १७ देखि १९ सम्म पुनरताजगी तालिम सम्पन्न

६, न्यायिक समिति र वडा मेलमिलाप संयोजकहरु संग संयुक्त बैठक ०७९ माघ २० मा सम्पन्न

७, ०७९ फागुन १५ देखि १९ सम्म न्यायिक समिति र मेलमिलापकर्ताहरुको अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्पन्न । कमलामाई न पा ,धरान उपमहानगर पालिका , दमक न पा को न्यायिक कार्य सम्पादन को अध्ययन अवलोकन ।

८, १२ वटै मेलमिलाप केन्द्र अनुगमन साथै अन्तरक्रिया कार्यक्रम २०६९ चैत १३ देखि २६ सम्म संचालन

९, १२ वटै वडाका वडा सचिब र मेलमिलाप संयोजकहरु का लागी अभिलेखीकरण सम्बन्धि सचेतना कार्यक्रम २०८० बैसाख २६ गते सम्पन्न

१०, १२ वटै मेलमिलाप केन्द्रका लागि न्यायिक कार्य सम्पादन संग सम्बन्धित बैठक पुस्तिका ,विबाद दर्ता किताब,विवाद फर्छ्यौट किताब लगाएत बिबिध फारमहरु साथै आवस्यक सामग्री वितरण

११. वडा स्तरिय मेलमिलाप समितिको मासिक नियमित बैठक संचालन

**१२**,ईन्द्रावती गाउँपालिका न्यायिक समितिमा दर्ता भएका मुद्धाका निवेदनहरु मिलापत्र र निर्णयको माध्यमबाट विवादको निरुपण भएको

**१३**,स्थानिय रुपमा मेलमिलापको तालिम प्राप्त मेलमिलापकर्ताहरुलाई न्यायिक समितिमा सुचिकृत गराइ न्याय निरुपणको कार्य न्यायिक समिति र वडागत रुपमा रहेका मेलमिलाप केन्द्रमा विवाद समाधान भएको

**१४**,यस गाउँपालिका भित्रका प्रत्येक वडा मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्नको लागि मेलमिलापकर्ताहरुको परिचय-पत्र, फोटोलिस्ट, स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को अधिकारक्षेत्रको विवरणको फ्लेक्सहरु ब्यवस्थापन गरिएको ।

**१५**, न्यायिक समितिको हाल सम्म १५ वटा बैठक सम्पन्न

**१६. न्यायिक समितिका चुनौति र समस्याहरु :**

- पक्षहरुलाई उपस्थित गराउने प्रक्रिया र माध्यममा समस्या
- मेलमिलापकर्ताहरुमा कानूनी ज्ञानको कमी
- मेलमिलापकर्ताहरुलाई पुर्नताजगी तालिमको अभाव
- मेलमिलापकेन्द्रहरु अव्यवस्थित हुनाले सहज रुपमा मेलमिलाप केन्द्रको शेसन चलाउनमा कठिनाई
- दुवै पक्ष सहमत नभएमा मेलमिलापमा जान नसकिने,
- अदालत वाहिरको मेलमिलापको सहमति कार्यान्वयन संयन्त्रको अभाव,
- कतिपय अवस्थामा समय लाग्ने,
- पक्षहरु असल नियतले मेलमिलापमा नवसेमा समाधान नहुने,

- मेलमिलापवाट सधै समाधानमा पुग्न नसकिने,
- पक्षहरु असमान हैसियतका भएमा सन्तुलित परिणाम नआउन सक्ने,
- मेलमिलापकर्ताले सिद्धान्तनिष्ठ काम नगरेमा सही परिणाम नआउने,
- सबै स्थानिय तहहरुमा मेलमिलापकर्ताको दक्ष जनशक्ति उपलब्ध हुन नसक्नु ।
- मेलमिलापकर्ता उत्पादनका लागी गरिने तालिम प्रशिक्षक दक्ष हुन नसक्नु ।
- तालिम प्रदान गर्ने समयमा आबश्यक अनुगमन र फिडब्याकको अभाब रहनु ।

**१७. समस्या समाधानका लागी आबश्यक सुझाबहरु :**

- मेलमिलापको बारेमा ग्रामिण भेगहरुमा समेत चेतना बृद्धि गर्नुपर्ने ।
- मेलमिलाप केन्द्र र न्यायिक समितीबाट भएको मेलमिलापको सहमती कार्यान्वयन गर्ने छुट्टै संयन्त्रको ब्यबस्थापन गर्नुपर्ने ।
- असमान पक्षहरु बिचमा मेलमिलाप गराउदै गर्दा कसरी शक्ति असन्तुलनको अबस्थामा शसक्तीकरण गरि समान सन्तुलन कायम गर्ने भन्ने कुरामा मेलमिलापकर्ताहरुलाई दक्ष बनाउनुपर्ने
- हरेक निकायमा हुने मेलमिलापहरुमा मेलमिलापका प्रक्रियाहरुलाई नियमित रुपमा कार्यन्वयन गर्नुपर्ने कुरामा सहजीकरण गर्नुपर्ने ।
- मेलमिलापको कार्य गर्ने संस्थाहरुको नियमित रुपमा अनुगमन र आबश्यक सुझाबहरु दिनुपर्ने ।
- मेलमिलापको बिषयमा तालिम संचालन गर्ने प्रशिक्षकहरु निश्चित हुनुपर्ने र उक्त निश्चित समुहलाई दक्ष बनाउनका लागी आबश्यक तालिम प्रदान गरि दक्ष जनशक्ति निमार्ण गर्नुपर्ने ।

**१८. सिकाई**

- ❖ सहजिकरणद्धारा विवाद समाधान ।
- ❖ पक्षहरुसँगको अलग-अलग भेटघाट र छलफलबाट विवाद अध्ययनमा सहजिकरण ।
- ❖ पक्षहरुको हकदैया, क्षेत्राधिकार र हदम्यादको बारेमा प्रष्टता ।
- ❖ व्यवहार र नैतिकता सँगै प्राकृतिक न्यायको सिद्धान्तको आत्मसाथ गर्नुपर्ने ।
- ❖ शिष्ट र सभ्य व्यवहारको प्रयोगबाट विवाद समाधानमा सहजता ।
- ❖ मेलमिलापको सिपबाट छलफल गर्दा विवाद समाधानमा सहजता ।

न्यायमा सहज पहुँच र विवादको दिगो समाधानका लागि न्यायिक समिति एउटा उत्तम विकल्प हो यस्तो नविनतम पद्दतीलाई प्रभावकारीताका साथ देशव्यापी रुपले अगाडी बढाउनु राज्यको दायित्व हो । यसका लागि व्यापक प्रचार प्रसार र न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताको दक्षता अभिवृद्धि जस्ता कुराहरुमा राज्यले ध्यान दिनु पर्दछ । विभिन्न स्वरुप छरिएर रहेका स्थानीय न्यायिक समितिबाट मेलमिलाप सम्बन्धि प्रचलनलाई समेत न्यायको मापदण्ड भित्र पारी सञ्चालनमा ल्याउन र न्यायिक समिति र मेलमिलापका सन्दर्भमा देखिएका चुनौतिहरुलाई सम्बोधन गर्न  आवश्यक छ ।

**शोभाना तामाङ**

**संयोजक**

**ईन्द्रावती गाँउपालिका**

**न्यायिक समिति**